# करारको सरसफाई उद्योग
## कामदारको मार्गदर्शन

---

### दीर्घ सेवाको बिदा भनेको के हो?
दीर्घ सेवाको बिदा धेरैजसो एन.एस.डब्ल्यु. का कामदारहरूका लागि उपलब्ध रहेको लाभ हो, जसमा एउटै रोजगारदाताको लागि १० वर्ष काम गरे पछि दुई (२) महिनाको तलब आउने बिदा लिन सकिन्छ, र पहिलो १० वर्ष पछिको प्रत्येक पाँच (५) वर्षको सेवाको लागि, एक (१) महिनाको तलब आउने बिदा लिन सकिन्छ।

### सरसफाई उद्योग किन भिन्न छ?
सरसफाई उद्योगमा एउटै रोजगारदाताको लागि १० वर्षसम्म काम गर्नु असामान्य हुन्छ। सरसफाई गर्ने कर्मचारीहरूले समान सुविधाहरूको पहुँच गरून् भन्ने सुनिश्चित गर्न, सार्न मिल्ने (पोर्टेबल) दीर्घ सेवाको योजना स्थापना गरिएको थियो।

### दीर्घ सेवा निगम भनेको के हो?
दीर्घ सेवा निगम (लङ सर्भिस कर्पोरेसन) (एल.एस.सी.) एन.एस.डब्ल्यु. सरकारको एक वैधानिक निकाय हो जुन करारको सरसफाई र भवन र निर्माण उद्योगहरूमा कामदारहरूका लागि सार्न मिल्ने (पोर्टेबल) दीर्घ सेवाका योजनाहरूको व्यवस्थापनको लागि जिम्मेवार छ।

### सार्न मिल्ने (पोर्टेबल) दीर्घ सेवाको मतलब के हो?
यसको मतलब तपाईंले योग्य भएका सरसफाईको काम गर्दा कतिजना रोजगारदाताहरूका लागि काम गर्नुभयो भन्ने कुराको ख्याल नगरी तपाईंको दीर्घ सेवाको अभिलेख एन.एस.डब्ल्यु. को सरसफाईको उद्योगको सेवामा आधारित हुन्छ। तपाईंले सरसफाईको उद्योगमा योग्य भएका काम गर्दै जाँदा तपाईंका दीर्घ सेवाका अधिकारहरू बढ्दै जानेछन्।

### एन.एस.डब्ल्यु. बाहिर काम गर्दा
क्वीन्सल्याण्ड (क्यु.एल.डी.), अष्ट्रेलियन क्यापिटल टेरिटोरी (ए.सी.टी.) र भिक्टोरिया (भी.आई.सी.) मा करारको सरसफाई उद्योगका लागि छुट्टाछुट्टै योजनाहरू रहेका छन्। यदि तपाईं क्यु.एल.डी., ए.सी.टी. वा भी.आई.सी. मा काम गर्नुहुन्छ भने तपाईं त्यो राज्य वा क्षेत्रमा दीर्घ सेवाको योजनामा दर्ता गर्न योग्य हुन सक्नुहुन्छ। दर्ताको सम्भार र दीर्घ सेवाको भुक्तानीहरूका लागि रहेको हकको गणना गर्ने उद्देश्यका लागि एल.एस.सी. ले अन्तरराज्यमा अभिलेख गरिएको सेवाको पहिचान गर्न सक्छ।

**याद राख्नुहोस्:** योजनाका विधायिकाका प्रावधानहरू राष्ट्रमण्डलको भूमिमा लागू हुँदैन, त्यसैले राष्ट्रमण्डलको भूमि वा राष्ट्रमण्डलको स्थानमा गरिएको काम अभिलेख गर्न सक्षम छैन।

त्यसैले तपाईंले आफ्नो वार्षिक विवरण जाँच गर्न र तपाईंका सम्पर्क विवरणहरू सधैँ अद्यावधिक छन् भन्ने कुरा निश्चित गर्न महत्त्वपूर्ण छ।

### यसको लागि कति पर्छ?
उद्योगका रोजगारदाताहरू र ठेकेदारहरूले शुल्क तिर्ने भएकाले यस योजनाले कर्मचारीहरूको तलबमा केही खर्च हुँदैन।

### म कहिले बिदा लिन सक्छु?
#### उद्योग छोड्दा
यदि तपाईंले एल.एस.सी. सँग रहेर कम्तिमा पाँच (५) वर्षको मान्यता प्राप्त सेवा प्राप्त गर्नुभएको छ र करारको सरसफाईको उद्योगमा स्थायी रूपमा काम गर्न छोड्नु भएको छ भने, तपाईंले भुक्तानीको लागि आवेदन भर्न सक्नुहुन्छ - स्थायी रूपमा छोड्ने कामदार फारम।

- स्थायी रूपमा उद्योग छोडेको १० हप्ता बितिसकेपछि मात्र दावी गर्न सकिन्छ
- यदि तपाईंले यस आधारमा दावी गर्नुभयो भने तपाईं एल.एस.सी. सँग दर्ता भएको कामदार रहनुहुँदैन
- तपाईंको भुक्तानीबाट उपयुक्त सीमान्तीय करको दरमा करको कटौती गरिनेछ।

### उद्योगमै रहँदा

यदि तपाईंले एल.एस.सी. सँग रहेर कम्तिमा १० वर्षको मान्यता प्राप्त सेवा प्राप्त गर्नुभएको छ र दीर्घ सेवाको बिदा लिन चाहनुहुन्छ भने, तपाईंले भुक्तानीको लागि आवेदन भर्न सक्नुहुन्छ - उद्योगमै रहेको कामदारको फारम।

- यदि तपाईं उद्योगमै रहेको भनेर दावी भर्न योग्य हुनुहुन्छ भने तपाईंले बिदा लिनुपर्छ
- तपाईंले आवेदन भर्नु अघि आफ्नो रोजगारदातासँग बिदा लिनका लागि एउटा सहमति भएको समयको व्यवस्था गर्नु पर्नेछ र बिदाको अवधि कम्तिमा दुई (२) हप्ताको लागि हुनुपर्छ
- तपाईंले बिदा लिनु भएका हप्ताहरूको अवधिको लागि मात्र तपाईंलाई भुक्तान गरिनेछ
- तपाईंको भुक्तानीबाट उपयुक्त सीमान्तीय करको दरमा करको कटौती गरिनेछ।

## मैले के गर्नु पर्छ?

- **दर्ता** - तपाईंको रोजगारदातासँग तपाईंको सही दर्ता नम्बर, व्यक्तिगत इमेल ठेगाना, फोन नम्बर र ठेगाना भएको सुनिश्चित गर्नुहोस्। एल.एस.सी. मा तपाईंको सेवा दर्ता गर्न उनीहरूलाई यी विवरणहरू चाहिन्छ।
- **तपाईंका सम्पर्क विवरणहरू अद्यावधिक गर्नुहोस्** - हामी तपाईंलाई तपाईंको अभिलेख गरिएको सेवाको बारेमा महत्त्वपूर्ण जानकारी इमेल गर्नेछौँ। तपाईंका विवरणहरू अनलाइनमा यहाँ जाँच र अद्यावधिक गर्नुहोस् www.longservice.nsw.gov.au/online-portal
- **तपाईंको वार्षिक विवरणको जाँच गर्नुहोस्** - तपाईंको अभिलेख गरिएको सेवा देखाउँदै प्रत्येक वर्ष तपाईंको विवरण अनलाइन उपलब्ध हुनेछ। यस विवरणमा तपाईंका सबै सरसफाईको कामको अभिलेख गरिएको छ भनी सुनिश्चित गर्न जाँच गर्नुहोस्।

## दीर्घ सेवा सुपरएन्युएसन भन्दा कसरी भिन्न छ?

सुपरएन्युएसन भनेको तपाईंको नाममा रहेको अवकाश प्राप्त हुँदाको कोष हो जसमा तपाईंको रोजगारदाताले योगदान गर्दछ। सार्न मिल्ने (पोर्टेबल) दीर्घ सेवा भनेको सबै कामदारहरूको तर्फबाट लगानी गरिएको रकमको सामान्य संकलन हो, जुन तपाईंको नामको खातामा सिधै जम्मा गरिएको हुँदैन। जब तपाईंसँग पर्याप्त सेवा हुन्छ, तपाईं दावी गर्न सक्नुहुन्छ, तपाईंको कामबाट बिदा लिन सक्नुहुन्छ, र भुक्तानी हामीले गर्दछौँ।